भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी. प्रदेश, नेपाल

मिति २०८१ / ०५ /३०

# शोक वक्तव्य

सम्वत २०८१ साल भाद्र महिनाको २८ गतेको दिन काठमाडौँबाट गृह जिल्ला रुकमपूर्व उत्तरगंङगा गाउँपालिका आउने क्रममा बाग्लुङ जिल्लाको गल्कोट नगरपालिका वडा नं. २ स्थित नरेठाँटी–भुङ्खानीमा भएको सरकारी गाडी दुर्घटनामा पुथा उत्तरगङ्गा गाउँपालिकाका उपाध्यक्ष भुपेन्द्रा बुढा साथै उहाँकी ममतामयी आमा गोपिमाया बुढा मगर र पुथा उत्तरगङ्गा गाउँपालिका कै वडा नं. २ का वडाध्यक्ष जसबहादुर श्रीपालीको घटनास्थल मै भएको दुः खद निधनले हामी सबैलाई स्तब्ध र अत्यन्तै मर्माहत बनाएको छ, यस घटना प्रति गहिरो दुः ख ब्यक्त गर्दछौँ ।यस अकल्पनिय दुर्घटनाबाट ज्यान गुमाउनु हुने सबै प्रति भूमे गाउँपालिका परिवार हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै शोक सन्तप्त परिवारजन, आफन्तजन र सिंगो पुथा उत्तरगङ्गा गाउँपालिका प्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ ।उक्त दुर्घटनामा परि घाईते भई हाल गण्डकी अस्पताल पोखरामा उपचारार्थ चालक भूमे गाउँपालिका वडा नं. ३ सिमाका प्रेमबहादुर पुनको यथाशीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ।

..............................
होम प्रकाश श्रेष्ठ
अध्यक्ष
भूमे गाउँपालिका, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल